## सम्बत् २०७७ साल असोज २९ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरु

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — श्रम सम्बन्धी मुद्दा हेर्ने अधिकारक्षेत्र तोक्ने र काठमाडौं मुकाम रहने गरी श्रम अदालत गठन गर्ने ।

२. परराष्ट्र मन्त्रालय — विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३ मा संशोधन गर्ने।

३. रक्षा मन्त्रालय — नेपाली सेनाका प्राविधिक महासेनानी गजेन्द्रनाथ कर्माचार्यको पदावधि थप गर्ने ।

४. रक्षा मन्त्रालय — नेपाली सेनाका सहायक रथी सागर बहादुर के.सी.को पदावधि थप गर्ने ।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — काठमाडौं महानगरपालिकामा रहेको प्रमुख प्रशासकीय अधिकृतको दरवन्दी रा.प.प्रथम (प्र.) कायम गर्ने ।

६. नेपाल सरकारको प्रवक्तामा माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई तोक्ने ।

७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — औषधी दर्ता (तेस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने।

९. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्ने–

| क्र.सं. | नाम, थर | साविकको पद र निकाय | सरुवा सिफारिस गरिएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री मधुसुदन अधिकारी (सङ्केत नं १५८३०२) | सचिव, सहरी विकास मन्त्रालय | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (सिँचाइ) |
| २. | श्री खगराज बराल (सङ्केत नं १३८७१९) | सचिव, उपराष्ट्रपतिको कार्यालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री देवेन्द्र कार्की (सङ्केत नं १४३०२८) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय |
| ४. | डा. रमेशप्रसाद सिंह (सङ्केत नं १६७४१८) | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय | सचिव, सहरी विकास मन्त्रालय |
| ५. | श्री यादवप्रसाद कोइराला (१७६०५९) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ६. | श्री केदार न्यौपाने (सङ्केत नं ११६९२९) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, उपराष्ट्रपतिको कार्यालय |

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

| | | | |
|---|---|---|---|
| ७. | श्री सूर्यप्रसाद गौतम (सङ्केत नं १३८०८१) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कार्यालय प्रमुख, सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ८. | श्री रबिन्द्रनाथ श्रेष्ठ (सङ्केत नं १७४४८६) | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (सिँचाइ) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ९. | श्री एकनारायण अर्याल (सङ्केत नं ११९७९४) | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १०. | श्री सागरकुमार राई (सङ्केत नं १४३०८८) | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय |

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

१. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन २०७७ असोज ३० गते शुक्रबार मध्यरातसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ कात्तिक ३० गते आइतबार (तदनुसार १५ नोभेम्वर २०२०) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने।

तर, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/१२ को निर्णयबमोजिम जारी भएको "कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ (मिति २०७७/४/२६ को संशोधन र मिति २०७७/५/२९ बाट थप भएको प्रवेश विन्दु समेत)" बमोजिम स्थल मार्गबाट नेपाल प्रवेश गर्न तोकिएका प्रवेश विन्दुबाट नेपाल प्रवेश गर्न दिने व्यवस्था र मालसामानको ढुवानी व्यवस्थालाई यथावत कायम राख्ने। यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरूलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही गर्ने।

२. विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रणका लागि नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरेको आदेश जनताको जीवन रक्षाका लागि हो। यो आदेशको पालना गरी कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा साथ दिनुभएकोमा नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै, संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरिएको आदेश र नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने कार्यको कडाईका साथ पूर्ण पालना गरी गराई सहयोग पुऱ्याउनु हुन नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक आग्रह गर्दछ।

२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार विषयको देहायबमोजिम गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकारबाट मिति २०७७/५/२९ मा जारी भएको आदेश (यसपछि आदेश भनिएको) मा स्वास्थ्य र सुरक्षासम्बन्धी

मापदण्ड पालना गर्ने गराउने गरी देहायबमोजिम हेरफेर गर्ने। सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

१. आदेशको दफा १ को खण्ड (क), (ख) र (छ) झिक्ने।

२. आदेशको दफा २ को सट्टा देहायको दफा २ राख्ने।

"२. मिति २०७७ कार्तिक १ गतेदेखि २०७७ कार्तिक मसान्तसम्म जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) बाट भएको कोभिड-१९ को सङ्क्रमण जोखिमको विश्लेषणका आधारमा देहायको अवस्थामा देहायबमोजिम गर्नसक्ने र सोको लागि आवश्यकताअनुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकारसमेत प्रयोग गर्न सक्ने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई अधिकार सुम्पनेः–

(क) २०० भन्दा बढी सक्रिय संक्रमित भएको जिल्लामा अन्य जिल्लाबाट र त्यस्तो जिल्लाबाट अन्य जिल्लामा सवारी साधनको आवतजावतलाई नियमन, व्यवस्थापन वा नियन्त्रण गर्ने।

(ख) ५०० भन्दा बढी सक्रिय संक्रमित भएको जिल्लामा वा जिल्लाभित्रको कुनै भागमा कुनै सेवा वा कार्यमा रोक लगाउने।

(ग) कुनै एक जिल्लाबाट अर्को जिल्लामा जाँदा बाटोमा पर्ने जिल्लामा खण्ड (क) वा (ख) बमोजिमको यातायात वा आवागमन नियमन, व्यवस्थापन वा नियन्त्रण गरिएको भए त्यस्तो नियमन, व्यवस्थापन वा नियन्त्रण गर्ने जिल्लाले गन्तव्य जिल्लासम्मको आवागमनमा कुनै किसिमको बाधा व्यवधान नगर्ने।

(घ) कुनै जिल्लामा खण्ड (क) वा (ख) बमोजिम आवागमन निषेध गर्ने गरी कुनै व्यवस्था गरिएकोमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको लिखित अनुमति नभई अरू कुनै जिल्लाले त्यस्तो निषेध गरिएको जिल्लामा प्रवेश गर्ने गरी यात्रा अनुमति जारी नगर्ने।"

३. आदेशको दफा ३ को खण्ड (क), (ख) र (छ) झिक्ने।

४. आदेशको दफा ३ पछि देहायको दफा ३क. थप गर्ने।

"३क. छोटो, मध्यम तथा लामो दूरीका सार्वजनिक सवारी साधन तथा आन्तरिक हवाई सेवामा मिति २०७६ चैत ११ गते अघि कायम भएको नियमित भाडादर लागू हुने। कुनै किसिमको थप भाडा लिन नपाइने।"

५. दफा १० को खण्ड (ख) झिक्ने।

६. दफा १० को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने।

"(ग) २५ जनाभन्दा बढी सहभागी नहुने गरी अत्यावश्यक स्वास्थ्य र सुरक्षासँग सम्बन्धित बैठक, गोष्ठी वा सेमिनार तथा भर्चुअल बाहेक सबै प्रकारका बैठक, गोष्ठी वा सेमिनार र दफा १०ख. बमोजिम बाहेकका अन्य तालिमहरू"

७. दफा १० पछि देहायको दफा १०क. र १०ख. थप गर्ने।

"१०क. विश्वविद्यालय, आयोग, प्रतिष्ठान, बोर्ड, परिषद्, विद्यालय तथा शिक्षण संस्थाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्वस्वीकृतिमा जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुनेगरी सो मन्त्रालयले तोकेको विधि, पद्धति, प्रक्रिया तथा

अन्य व्यवस्थाहरू अवलम्बन गरी परीक्षा सञ्चालन गर्ने। लोक सेवा आयोगद्वारा सञ्चालन हुने परीक्षाको हकमा जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी विधि, पद्धति, प्रक्रिया तथा अन्य व्यवस्थाहरू आयोगले निर्धारण गर्ने।

१०ख. जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी तालिम प्रदायक संस्थाले एकपटकमा बढीमा २५ जना सहभागी हुने गरी बढीमा एक हप्ताको व्यवसायिक तालिम सञ्चालन गर्न सक्ने। "

३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

(क) कोभिड-१९ को संक्रमणको दर तीव्र गतिमा बढिरहेको र लक्षणसहितका संक्रमितहरूको समेत बृद्धि हुँदै गइरहेको हुँदा काठमाडौं उपत्यकालगायतका बढी प्रभावित जिल्लाहरूमा साविकमा तयार भई हाल प्रयोगमा नरहेका र आइसोलेसन सेन्टरको रूपमा विकास गर्न सकिने क्वारेन्टिनलाई पन्ध्र दिनभित्र गृह मन्त्रालयसँगको समन्वय र सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइसोलेसन सेन्टर बनाउने।

(ख) संक्रमणको दर तीव्र गतिमा विस्तार भइरहेका जिल्लाहरूमा हाल सञ्चालनमा रहेका आइसोलेसन सेन्टरहरूलाई आवश्यकताअनुसार जनरल वार्डको सेवा उपलब्ध हुने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड अस्पतालमा रूपान्तरण गर्ने।

(ग) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड अस्पतालको रूपमा रूपान्तरण भएका देशभरिका सबै सरकारी तथा सार्वजनिक अस्पतालहरूमा प्रत्येक प्रदेशमा कम्तीमा २०० र काठमाडौं उपत्यकामा २००० को सङ्ख्यामा आवश्यक सुविधा र उपकरणसहितका हाईडिपेन्डेन्सी यूनिट (HDU) को रूपमा पन्ध्र दिनभित्र स्तरोन्नति गर्ने।

(घ) सरकारी र सार्वजनिक कोभिड अस्पतालमा उपलब्ध ICU र HDU नपुग भएमा निजी तथा सामुदायिक क्षेत्रबाट सञ्चालित अस्पतालहरूमा पनि ICU र HDU को व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

(ङ) खण्ड (क) देखि (घ) सम्मको कार्य सम्पन्न गर्न सम्बद्ध सबै निकायहरूले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई तदारुकता र प्राथमिकताका साथ सहयोग गर्ने।

(च) आसन्न चाडपर्वहरूलाई ध्यानमा राखी स्थानीय तहले स्थानीय प्रशासनको समन्वयमा सडकपेटीमा तथा अन्य स्थानमा अव्यवस्थित तवरबाट पसल, व्यापार व्यवसाय आदि सञ्चालन गर्न नदिने।

(छ) पशुपति क्षेत्रमा हाल प्रयोगमा रहेको विद्युतीय शवदाह गृहलाई २४ सै घण्टा सञ्चालनमा ल्याउन आवश्यक जनशक्तिको व्यवस्था संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने र थप एक हाइब्रिड शवदाह गृह निर्माण गर्न आवश्यक स्रोतको व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

(ज) नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत कोभिड-१९ संक्रमितहरूको आइसोलेसन सेन्टरसम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७ बमोजिम होम आइसोलेसनमा रहेका कोभिड-१९ का विरामीहरूको स्वास्थ्य निगरानी, स्वास्थ्य परामर्श र विरामीको आवश्यकताअनुसार अस्पताल पुऱ्याउने काममा स्थानीय तहबाट स्वास्थ्यकर्मी परिचालन गर्ने।

(झ) सबै स्थानीय तहले टोलटोलमा माइकिङ्गलगायतका अन्य उपयुक्त माध्यमबाट कोभिड–१९ को संक्रमण र रोकथामसम्बन्धी सचेतना र जनजागरणका कार्यक्रम सञ्चालन गर्ने।



नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

(ञ) सर्वसाधारण नागरिकलाई आफू रहेकै स्थानमा बसी बडादशैं, तिहार छठलगायतका चाडपर्व मनाउन आह्वान गर्ने।

(ट) सार्वजनिक आवागमन; पेसा व्यवसाय सञ्चालन; अन्तर्राष्ट्रिय सीमामा आवतजावत; सबै प्रकारका बैठक, सेमिनार, गोष्ठी, तालिम, सम्मेलन; धार्मिक तथा सामाजिक क्रियाकलाप; अस्पतालको प्रबन्धलगायतका विषयमा नेपाल सरकारबाट जारी भएको आदेशबमोजिमका व्यवस्थाहरू र जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड, क्वारेन्टिन तथा आइसोलेसनसम्बन्धी मापदण्ड, कन्ट्याक्ट ट्रेसिङसम्बन्धी मापदण्ड तथा अन्य व्यवस्थाहरू पालना गर्ने गराउने कार्य सम्बन्धित मन्त्रालय एवं निकायले गर्ने। सोबमोजिम विभिन्न कार्य/सेवा सञ्चालन गर्दा पालन गर्नुपर्ने स्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्ड पालना भए नभएको र सम्बन्धित निकायबाट सोको अनुगमन भए नभएको विषयको सम्बन्धित विभागीय मन्त्रीले निगरानी गर्ने र सोको जानकारी प्रत्येक १५ दिनमा प्रधानमन्त्रीलाई गराउने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — नेपाल ट्रष्ट सञ्चालक समितिको सदस्य पदमा गौमुल-३, बाजुरा निवासी श्री नन्द बहादुर रोकायालाई नियुक्त गर्ने।

५. अर्थ मन्त्रालय — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — अन्तर्राष्ट्रिय स्तरको ल फर्म वा कम्पनीको परामर्श सेवा लिने।

७. गृह मन्त्रालय — राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को मस्यौदा स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

८. गृह मन्त्रालय — साठी वर्ष ननाघेका विधवा एकल महिलालाई र अति अशक्त अपाङ्गता भएका लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने।

९. गृह मन्त्रालय — मुलुकका ७५३ वटा स्थानीय तहहरुमा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने।

१०. सहरी विकास मन्त्रालय — नेपाल सहरी सडक मापदण्ड, २०७६ नेपाल राजपत्रमा प्रकाशन गर्ने।

११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) स्वीकृत गर्ने।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ स्वीकृत गर्ने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय —काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ स्वीकृत गर्ने।

१४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय —नेपालको मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) को प्रतिवेदन संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा पठाउन स्वीकृति प्रदान गर्ने।

## सम्बत् २०७७ साल असोज २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. अर्थ मन्त्रालय — निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्ष पदमा अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री रामशरण पुडासैनीलाई तोक्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — मदिरा र सवारी साधनको आयातलाई व्यवस्थापन गर्ने।

४. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐनका प्रारम्भ हुन बाँकी रहेका दफाहरुमध्ये दफा १७ को खण्ड (छ) र दफा २४ नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने गरी तोक्ने।

५. गृह मन्त्रालय — राजस्व अनुसन्धान विभागमा सशस्त्र प्रहरी बल, नेपालको राजस्व चुहावट नियन्त्रण गुल्म/सुरक्षा वेशमा जनशक्ति खटाउने।

६. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्मा देहायबमोजिमका सदस्यहरू मनोनयन गर्नेः

    १. श्री हरि खड्का चन्द्रगढी-१०, झापा
    २. श्री मानदेव हजरा विरगंज पर्सा
    ३. श्री पुरेन्द्र विक्रम लाखे ठैब-५,ललितपुर
    ४. श्री राजेश कुमार गुरुङ पोखरा -१५, कास्की जनजाती
    ५. श्री सुमित्रा चौधरी वदैयाताल-८, बर्दिया
    ६. श्री नन्दा बस्याल विरेन्द्रनगर-६, सुर्खेत
    ७. श्री ऐकेन्द्र कुँवर अछाम
    ८. श्री चन्द्रबदना राई नेपालेडाँडा-६, भोजपुर
    ९. श्री मोहम्मद सागिर शेख पर्सा।

७. वन तथा वातावरण मन्त्रालय — पोखरा महानगरपालिकाको वडा कार्यालय भवन निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — विद्यालयमा पठनपाठन सञ्चालन गर्न अनुमति दिने।

९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — स्थगित रहेको माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १२) को सञ्चालन तथा व्यवस्थापनका लागि स्वीकृति दिने।

१०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — लुम्विनी विकास कोषमा सदस्य सचिव पदमा काठमाडौं महानगरपालिका वडा नं.२१ निवासी श्री सानुराजा शाक्यलाई नियुक्ति गर्ने।

११. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — नेपाल वायु सेवा निगमको महाप्रवन्धक पदमा काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६ निवासी श्री डिमप्रसाद पौडेललाई नियुक्ति गर्ने।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समितिको अध्यक्ष पदमा डा. वसिष्ट प्रसाद रिजाललाई मनोनयन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्षमा विदुर-३, नुवाकोट निवासी डा. बाबुराजा अमात्यलाई मनोनयन गर्ने।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — औषधि परामर्श परिषदका सदस्यहरुमा देहायका पदाधिकारीहरूलाई मनोनयन गर्नेः

 १. प्रा.डा. संघरत्न बज्राचार्य, काठमाडौं-२५, काठमाडौं।
 २. श्री बाबुराम हुमागाइँ, पनौती-१०, काभ्रपलाञ्चोक।
 ३. श्री दिपक प्रसाद दाहाल, तल्लोगोदार-३, धनुषा।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र विकास समिति अध्यक्षमा स्याङ्जा निवासी प्रा.डा. देव बहादुर रोका क्षेत्रीलाई मनोनयन गर्ने।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१७. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री भरतराज पौड्याल लाई बढुवा गरी परराष्ट्र मन्त्रालयमा पदस्थापन गर्ने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम नियमावली (सञ्चालन कार्यविधि), २०७७ स्वीकृत गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिको अध्यक्षमा सहसचिव (प्राविधिक) डा. योगेन्द्र कुमार कार्कीलाई तोक्ने र कार्यकारी निर्देशकमा (राजपत्रांकित द्वितिय श्रेणी) (प्राविधिक) श्री विनोद कुमार भट्टराईलाई नियुक्ति दिने।

२. परराष्ट्र मन्त्रालय — अवैतनिक नेपाली महावाणिज्यदूत/वाणिज्यदूतहरूको म्याद थप, नयाँ नियुक्ति तथा पदोन्नति गर्ने।

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — शिक्षक सेवा आयोगको अध्यक्ष र एकजना महिला सहित अन्य दुईजना सदस्यहरुको नियुक्तिको लागि सिफारिस गर्न लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयको उपकूलपति र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव सदस्य रहेको एक सिफारिस समिति गठन गर्ने।

४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — राष्ट्रिय परीक्षा बोर्डका कर्मचारीको पदपूर्ति प्रक्रिया सुचारु गर्न स्वीकृति दिने।

५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७५ संशोधन गर्ने।

६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — परीक्षा सञ्चालनका लागि सैद्धान्तिक स्वीकृति दिने ।

७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — पच्चीस जनाभन्दा कम सहभागी हुने छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्न अनुमति दिने।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — बादी समुदाय उत्थान विकास समितिका पदाधिकारीहरू मनोनयन विषयको प्रस्ताव फिर्ता गर्ने।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — पिछडिएको समुदाय उत्थान विकास समितिका पदाधिकारीहरू मनोनयन प्रस्ताव फिर्ता गर्ने।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — साउदी अरब, जेद्दामा रहेको राजपत्राङ्कित प्रथम श्रेणी (प्रशासन समूह), सहसचिवस्तरको दरबन्दी चीनस्थित नेपाली महावाणिज्यदूतावास छेन्दुमा स्थानान्तरण गर्ने।

११. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — राष्ट्रपतिको कार्यालयको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — राष्ट्रिय सूचना प्रविधि केन्द्रको अस्थायी दरबन्दी सिर्जना गर्ने ।

१३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — विज्ञापन बोर्डको लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउनेसम्बन्धी (दोस्रो संशोधन) आदेश, २०७७ स्वीकृत गर्ने।

१५. विषयको कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी प्रशासन (सातौं संशोधन) विनियम, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट सिफारिस भएबमोजिम फिर्ता गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज १५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. नेपाल सरकारको मुख्यसचिव पदमा कार्यरत श्री लोकदर्शन रेग्मीले मिति २०७७/६/१५ गतेदेखि लागू हुने गरी आफ्नो पदबाट दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने।

२. नेपाल सरकारको रिक्त मुख्यसचिव पदमा परराष्ट्र मन्त्रालयमा कार्यरत सचिव श्री शंकरदास वैरागीलाई बढुवा गर्ने।

३. अर्थ मन्त्रालय — नवप्रवर्तन सुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

४. अर्थ मन्त्रालय — आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (१) बमोजिम करको दर घटाउने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — आ.व. २०७७/०७८ का लागि राजपत्रांकित स्तरका २८ पदको अस्थायी दरवन्दी सृजना गर्ने।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल-बंगलादेश वाणिज्य सचिवस्तरको छैठौं बैठकका लागि वार्ता टोली गठन गर्ने।

८. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — मुलुकी अपराध संहिता,२०७४ को दफा १२६क. को कसूर सम्बन्धी मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी तोक्ने।

९. परराष्ट्र मन्त्रालय — देहायका व्यक्तिहरूलाई देहायका मुलुकहरूको राजदूत पदमा एक अवधिका लागि नियुक्तिका लागि सिफारिस गर्नेः

   १. पूर्व अर्थमन्त्री डा. युवराज खतिवडा, झापालाई संयुक्त राज्य अमेरिकाका लागि आवासीय राजदूत पदमा र पानामा, कोस्टारिका, मेक्सिको, एल साल्भाडोर, होण्डुरस र ग्वाटेमालाका लागि गैर-आवासीय नेपाली राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने।

   २. पूर्व मुख्यसचिव श्री लोकदर्शन रेग्मी, स्याङ्जालाई संयुक्त अधिराज्यका लागि आवासीय राजदूत एवं गणतन्त्र आयरल्याण्ड र गणतन्त्र माल्टाका लागि गैर-आवासीय नेपाली राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने।

   ३. डा. निर्मलकुमार विश्वकर्मा, कपिलबस्तुलाई दक्षिण अफ्रिकाका लागि आवासीय राजदूत एवं बोत्सवाना, केन्या, लेसोथो, कंगो, तान्जानिया, जाम्बिया, जिम्बाबे, ग्याबोन, मोजाम्बिक, मौरिसस र सिसेल्सका लागि गैर-आवासीय नेपाली राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने।

१०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

११. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — राष्ट्रिय योग्यता प्रारूपसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने।

१२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (छैंठौ संशोधन) विधेयक २०७७ को मस्यौदा संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — निजामती सेवाका विभिन्न सेवा र श्रेणीका स्थगित गरिएको सम्पूर्ण पदपूर्ति प्रक्रिया फुकुवा गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — नेपालको मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) को प्रतिवेदन संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा पठाउने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — औपचारिक लिखतका केही शव्दहरूको प्रयोगमा एकरूपता कायम गर्ने।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशकमा डा. दिपक कुमार भण्डारी, S-5 (मुख्य वैज्ञानिक), रूपन्देहीलाई नियुक्त गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — MoU on Nepal-Israel Cooperation on Agriculture Center of Excellence मा हस्ताक्षर गर्ने।

६. गृह मन्त्रालय — प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०७७ कार्यान्वयनका लागि स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — नेपाल बाल संगठन केन्द्रीय कार्यालय, नक्सालमा रहेका बालबालिकाहरूको आवास तथा विद्यालय व्यवस्थापन गर्ने ।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — ७ वटै प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज संशोधन गर्ने।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१०. वन तथा वातावरण मन्त्रालय — राष्ट्रिय वन क्षेत्रमा अनुचित रूपमा साललगायतका विभिन्न रुखहरू कटान, मुछान, सङ्कलन तथा ओसारपसार गरी वन विनास भएको भन्ने सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित उच्चस्तरीय छानबिन समितिबाट प्राप्त प्रतिवेदनको विषयमा देहायबमोजिम गर्ने-
प्रतिवेदनमा औंल्याइएका विषयहरूमध्ये मन्त्रालयस्तरबाट कार्यान्वयन गरिनुपर्ने वा मन्त्रालयको समन्वयमा विभिन्न निकाय वा संस्थाहरूबाट गरिनुपर्ने कार्यहरू मन्त्रिपरिषद्लाई जानकारी गराई मन्त्रालयबाट सम्पादन गर्ने गराउने। मन्त्रिपरिषद्बाट गर्नुपर्ने विषयको हकमा यथाशीघ्र मन्त्रिपरिषद्समक्ष पेश गर्ने व्यवस्था मिलाउन उक्त प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पठाउने।

११. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय —

   १. बेसहारा, असहाय, असक्त, अभिभावकविहीन, सहाराविहीन, शारीरिक तथा मानसिक रूपमा कमजोर सडक आश्रित मानवहरूको मानवोचित व्यवस्थापनको लागि स्वःस्फूर्त रूपमा कार्यरत महानुभावहरूलाई "मानव सेवामा समर्पित स्वयंसेवक" परिचयपत्र उपलब्ध गराउने । सोसम्बन्धी कार्यविधि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तर्जुमा गर्ने।

२. बेसहारा, असहाय, असक्त, अभिभावकविहीन, सहाराविहीन, शारीरिक तथा मानसिक रूपमा कमजोर सडक आश्रित मानवहरूको बारेमा स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयहरूले जानकारी लिई तत्कालै मानव सेवामा कार्यरत संस्थाहरूलाई जानकारी गराउने र त्यस्ता मानिसहरूको उद्धारको लागि आवश्यक पहल, सहजिकरण र समन्वय गर्ने।

३. बेसहारा, असहाय, असक्त, अभिभावकको सहाराविहीन, शारीरिक तथा मानसिक रूपमा कमजोर सडक आश्रित मानवहरूको उद्दार र पुनस्थापनाको लागि सवारी साधन, आवास, सीप विकास एवं रोजगारीको व्यवस्था गर्न स्थानीय तह, प्रदेश र नेपाल सरकारका सम्बन्धित निकायहरूले प्राथमिकताका साथ आ-आफ्नो कार्यक्रममा समावेश गर्ने, आवश्यक समन्वय र सहजिकरण गर्ने।

१२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।१।१४ गतेको निर्णयबाट स्थगन भएको राष्ट्रिय अनुसन्धान विभागको लोकसेवा आयोगमार्फत् हुने पदपूर्ति प्रक्रिया सुचारु गर्न स्वीकृति दिने ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज ८ गते बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. अर्थ मन्त्रालय — ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने अमेरिकी डलर ८० मिलियन सहलियतपूर्ण ऋण सहायताको सम्वन्धमा वार्ता टोली गठन गर्ने।

२. अर्थ मन्त्रालय — व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ स्वीकृत गर्ने प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

३. अर्थ मन्त्रालय — SASEC Airport Capacity Enhancement Project को लागि Asian Development Bank वाट सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नका लागि वार्ता टोली गठन गर्ने ।

४. अर्थ मन्त्रालय — नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (तेस्रो) का लागि बेलायत सरकारले उपलब्ध गराउने थप अनुदान सहायता स्वीकार गर्ने।

५. अर्थ मन्त्रालय — जि.इ.एफ. र युन.एन.डि.पि. बाट अनुदान सहायता प्राप्त गर्ने ।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७७ जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — दाना पदार्थ ऐन, २०३३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

८. गृह मन्त्रालय — गोताखोर सशस्त्र प्रहरी कर्मचारीलाई प्रोत्साहन भत्ता तथा बीमा व्यवस्था गर्ने।

९. गृह मन्त्रालय — नेपाली नागरिकलाई विदेशी मुलुकबाट पदक ग्रहण गर्न स्वीकृति दिने।

१०. गृह मन्त्रालय — ईन्टरपोल महासचिवालयबाट सन् २०२० डिसेम्बर ७ देखि ८ सम्म Abu Dhabi, United Arab Emirates मा आयोजना हुने महासभामा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री र प्रहरी अतिरिक्त महानिरीक्षक हरि बहादुर पाललाई भाग लिन जान स्वीकृति दिने।

११. गृह मन्त्रालय — तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७ जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१२. रक्षा मन्त्रालय — नेपाली सेनाका प्राविधिक सहायक रथी शरदलाल श्रेष्ठ र प्राविधिक महासेनानी विकास पोखरेललाई बढुवा गर्ने र प्राविधिक सहायक रथी कमल बिक्रम शाहको सरूवा गर्ने।

१३. रक्षा मन्त्रालय — नेपाली सेनाका प्राविधिक महासेनानी डा. भुवनराज कुँवरलाई प्राविधिक सहायक रथी र प्राविधिक प्रमुख सेनानी डा. नविनभक्त शाक्यलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गर्ने।

१४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन (पहिलो संशोधन) आदेश, २०७७ स्वीकृत गर्ने।

१६. अर्थ मन्त्रालय — कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने ।

१७. अर्थ मन्त्रालय — आयोजनाको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गर्ने।

१८. अर्थ मन्त्रालय — सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने।

१९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — कञ्चनपुर जिल्ला वेदकोट नगरपालिकाभित्रको जग्गा नापजाँच समस्या समाधान समिति गठन आदेश, २०७७ स्वीकृत गर्ने ।

२०. गृह मन्त्रालय — नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७ जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२१. गृह मन्त्रालय — प्रहरी (आठौं संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — हुलाक निर्देशनालय, पोखराको भवन गण्डकी प्रदेश सरकारलाई प्रयोग गर्न स्वीकृति दिने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल-चीन व्यापार संयुक्त कार्यदलको प्रथम वैठक (भर्चुअल) को वार्ता टोली र कार्यसूची स्वीकृत गर्ने।

३. गृह मन्त्रालय — सिन्धुपाल्चोक र वाग्लुङ जिल्लाहरूलाई २०७७ असोज मसान्तसम्म लागु हुने गरी विपद सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने।

४. परराष्ट्र मन्त्रालय — United Nations Haiti Cholera Response Multi-Partner Trust Fund मा नेपाल सरकारको तर्फबाट अमेरिकी डलर पाँच हजार श्री संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कमार्फत उपलब्ध गराउने।

५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — सार्कको शिक्षामन्त्रीस्तरीय बैठक आयोजना गर्न स्वीकृति दिने।

६. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय — नेपाल सरकार र इजरायल सरकारबीच श्रम सम्झौता (Agreement) मा हस्ताक्षर गर्न इजरायलका लागि नेपाली राजदूत श्री अन्जान शाक्यलाई अख्तियारी प्रदान गर्ने।

७. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय — निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्बत् २०७७ साल असोज २४ गते शनिवारका लागि तोकिएकोमा, कोभिड-१९ को संक्रमणको जोखिम वढिरहेको हुनाले उक्त मितिको निर्वाचन स्थगित गरी निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन मिति २०७७ मंसीर २७ गते गर्ने गरी निर्वाचनको मिति तोक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई निर्देशन दिने।

८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — Memorandum of Understanding Between The People's Republic of China and Government of Nepal on the Translation and Publication of Classics विषयमा हुने समझदारी पत्र स्वीकृति प्रदान गर्ने।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — राष्ट्रिय सामाजिक समावेशीकरण नीति, २०७७ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — गुल्मीको रेसुङ्गा नगरपालिका र बेलायतको Hawkinge Town Council बीच भगिनी सम्बन्ध कायम गर्न स्वीकृति प्रदान गर्ने।

११. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — औषधी दर्ता (तेस्रो संशोधन) नियमावली, २०७७ स्वीकृति गर्ने विषयको प्रस्ताव – मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — एक चिकित्सक/स्वास्थ्यकर्मी-एक स्वास्थ्य संस्था कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

१३. गृह मन्त्रालय —

१. सगरमाथा आरोहण गरेर विश्व किर्तिमान कायम गर्ने विश्वविख्यात आरोही आङरिता शेर्पा, सोलुखुम्बुको मिति २०७७ साल असोज ५ गते सोमबार ७२ वर्षको उमेरमा निधन भएको छ । उहाँको निधनबाट राष्ट्रले अपूरणीय क्षति व्यहोर्नु परेको छ । उहाँको दुःखद् निधन भएकोमा शोक प्रकट गर्दै दिवङ्गत आत्माप्रति श्रद्धासुमन अर्पण गर्ने र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने।

२. दिवङ्गत आङरिता शेर्पाको अन्तिम संस्कार राष्ट्रिय सम्मानका साथ गर्ने । यसका लागि आवश्यक सम्पूर्ण प्रबन्ध गृह मन्त्रालयले मिलाउने । अन्त्येष्टि र काजक्रियाको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल असोज १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. अर्थ मन्त्रालय — एक्जिआटा इन्भेष्टमेन्ट (यू.के.) र एनसेल प्रा.लि.ले नेपाल सरकारका विरूद्ध International Center for the Settlement of Investment Disputes (ICSID) मा दिएको मध्यस्थता सम्बन्धी मुद्दा (ICSID Case No. ARB/19/15) को प्रतिरक्षा गर्ने।

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — रासायनिक मलको समयमै आपूर्ति हुन नसक्दा कृषकहरूलाई उपलब्ध गराउनुपर्ने रासायनिक मलको अभाव देखिएकोले बंगलादेश सरकारसँग आवश्यक समन्वय गरी ५० (पचास) हजार मेट्रिक टन युरिया मल यथाशीघ्र सापटी लिने र समयमै फिर्ता गर्ने व्यवस्था प्रचलित कानूनबमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्ने।

३. गृह मन्त्रालय — राम दयाल मण्डल खत्वेलाई तत्कालीन जनकपुर अञ्चल अदालतबाट मिति २०४३।०४।१५ मा भएको फैसला बमोजिमको २ बर्ष २ महिना १२ दिन कैद सजाय र जरीवाना रु.२८।४२ समेत माफी दिन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने।

४. गृह मन्त्रालय — राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु हुने डा. सन्दुक रुइटसमेतका जम्मा ५९४ जना महानुभावहरूलाई नेपालको संविधानको धारा २७७ बमोजिम विभुषण प्रदान गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ स्वीकृत गर्ने।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — रु २५ लाखको निःशुल्क वीमा/क्षतिपूर्ती प्रदान गर्न स्वीकृत गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु